स्थानीय राजपत्र प्रकासन सम्बन्धी कार्यविधि , २०७५ को
अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०४ संख्याः ०२ मितिः २०७७।०३।१५**

## भाग-१

## विरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय ,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७७।०३।१० गते विरुवा गाउँपालिकाको गाउँसभाले बनाएको **"विरुवा गाउँपालिकाको विनियोजन ऐन-२०७७"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

बिरुवा गाउँपालिका, स्यांजा को आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७७।०३।१०

__प्रस्तावना :__ बिरुवा गाउँपालिका, स्यांजा २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम बिरुवा गाउँपालिका, स्यांजाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. __संक्षिप्त नाम र प्रारम्भ :__(१) यस ऐनको नाम "बिरुवा गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. __आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :__ (१) आर्थिक वर्ष २०७७।०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४०,७२,९०,३३४।- (अक्षेरुपी चालिस करोड बहत्तर लाख नब्बे हजार तीन सय चौतीस रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . __विनियोजन :__(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त

बिरुवा गाउँपालिका, स्यांजाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची-१

## दफा २(१) सँग सम्बन्धित

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संचितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

<table>
<tr><th>क्र.स</th><th>अनुदान संख्या</th><th>शीर्षकको नाम</th><th>चालू खर्च</th><th>पूँजीगत खर्च</th><th>वित्तिय व्यवस्था</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>६</td><td>७</td></tr>
<tr><td>१</td><td rowspan="3">२</td><td>गाउँ कार्यपालिका</td><td rowspan="3">६२०५९.३३४</td><td rowspan="3">१६३०३१</td><td rowspan="3">१८२२००</td><td rowspan="3">४०७२९०.३३४</td></tr>
<tr><td>२</td><td>वडा समिति</td></tr>
<tr><td>३</td><td>विषयगत शाखा</td></tr>
</table>

आज्ञाले

कुलराज सुवेदी

प्रमुख प्रशासकीय अधिकृत